# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.:

चलानी नम्बर/Dispach No.: मिति/Date:................................

## नदीजन्य पदार्थको विक्रीका लागि शीलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकासित मिति:२०७७/०५/१४

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क.मा भएको व्यवस्था बमोजिम तपसीलमा उल्लेखित खोला/नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी प्रदेश सरकार, प्रदेश नं.५ ले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ र २०७६/७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ।

तपसिल:

| क्र.सं | सूचना नं. | आयको विवरण | उत्खनन परिमाण (वार्षिक) क्यु.फूट. | न्यूनतम बोलपत्र रकम(सेवाशुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | PRM/NCB/A/SQ-01/077-78 | पाणिनी-८ पालिस्थित सौरैखोलाका विभिन्न वगरक्षेत्र | २,७५,२१७.३ | १३,७६,०८५.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.० |
| २. | PRM/NCB/A/SQ-01/077-78 | पाणिनी-८ पालिस्थित बागीखोलाका विभिन्न वगरक्षेत्र | २,२७,४२६.५ | ११,३७,१३३.०० | कबोल अंकको ५ %ले हुने रकम | १०००.० |

शर्तहरु:

१. उल्लेखित ठेक्काहरुको लागि शीलबन्दी दरभाउपत्र फाराम छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

२. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ र २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ग्लोबल आइएमई बैक शाखा कार्यालय पोखराथोकमा रहेको यस कार्यालयको ग.१-१ **पाणिनी गाउँपालिका आन्तरिक राजश्व खाता नं. M804010000016** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजातसाथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आईएमई बैंक पोखराथोक शाखामा रहेको ग-३ **पाणिनी गाउँपालिका धरौटी खाता नं.M804010000009** मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड बण्ड सीलबन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.:

चलानी नम्बर/Dispach No.: मिति/Date:..............................

४. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सीलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. बोलपत्रसँग सम्बन्धित विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएपश्चात सोको सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिनभित्र ठेक्का सम्झौताका बखत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम र मू.अ.कर रकम एकमुष्ठ रुपमा प्रथम किस्तावापत अनिवार्य रुपमा कार्यालयमा बुझाउनुपर्नेछ ।ठेक्का सम्झौताका बखत बाँकी ६० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७८ असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक जमानत(परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ।बाँकी दोस्रो र तेस्रो किस्ता ३०/३० प्रतिशतका दरले निर्धारण गरी चैत्र महिनाभित्र बुझाउने गरी समयावधी निर्धारण गरिनेछ।ठेक्का स्वीकृत भएपश्चात बोलपत्रदाताले एकमुष्ठ रकम बुझाउन चाहेमा दश प्रतिशतले हुने रकम छुट दिइनेछ। नियमानुसार नेपालसरकारलाई बुझाउनु पर्ने आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।यस गाउँपालिकाका नदी/खोला तथा नदी/खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिनेछ

९. ठेक्का नं. **PRM/NCB/A/SQ-01/077-78** र **PRM/NCB/A/SQ-02/077-78** को ठेक्का अवधी आ.व.२०७७।०७८ जेष्ठ मसान्त सम्म रहनेछ । बन्द हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्न पाईने छैन। ।EE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन। तर विभिन्न स्थानमा थुपारी राखेको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

मधुकृष्ण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत